"दिगो विकासको लागि सीमान्तकृत समुदायको समावेशीकरण, कार्यक्रममा विविधता र सहास नेपालको सुदृढिकरण"

सहास-नेपाल

# सहास समाचारपत्र

अंक ९ मंसिर २०६९

यस अंकमा:

सहास क्रियाकलाप
नयाँ परियोजना
अन्तर्राष्ट्रिय मध्यरेखा पुरस्कार बिजेता
साझेदारी
तोरीको वहुजातीय उत्पादन
सफलताको कथा
भ्रमण

## बाजुरामा नयाँ परियोजना : बाढी पिडित पुनस्थापना परियोजना

बाजुरा जिल्लाको बाँधु गा.वि.स. वार्ड नं. १ पिपलटारीमा २०६९ जेठ १९ गतेका दिन डेढ घण्टा सम्म लगातार ठुलो पानी र आधिबेरी चलेपछि कल्पना नगरिएको भयङ्कर पहिरो आई भौतिक, सामाजिक र आर्थिक क्षति भएको थियो । १८० घरधुरी भएको यो गाउँमा ४४ वटा घरघुरीले सम्पूर्ण सम्पति गुमाएका थिए । जस मध्ये ११ घरघुरीको आफ्नो सम्पूर्ण सम्पत्ति लगायत घर समेत गुमाएका थिए । यसै गरी ४ जना मानिसको दुर्घटना स्थलमा मृत्यु भएको थियो भने एक जनाको उपचारका लागि नेपालगन्ज लैजादा मृत्यु भएको थियो । तिन जना गम्भिर घाइतेहरूको नेपालगन्जमा उपचार भएको थियो । २०० भन्दा बढि गाईवस्तुको पनि ज्यान गएको थियो । बाली सहितको बिघौ जग्गा पहिरो सगैं बगेको थियो । प्राथमिक स्वास्थ चौकी लाई पनि यस पहिरोले ठुलो क्षतिपुर्‍याएको थियो । यसै कारणले पिडितहरूले आकस्मिक उपचार पाउन सकेका थिएन । यस प्राथमिक चौकीले ११ वटा गा.वि.स.का समुदायहरूलाई सहयोग गर्दै आइरहेको थियो । यस घट्ना लगतै सहास नेपालले पिडितहरूलाई आकस्मिक राहत स्वरूप चामल, दाल, तरकारी, तेल र लत्ताकपडा वितरण गरेको थियो । पिडितहरूलाई पुर्नस्थापना, शसक्तिकरण र हक माग्नका लागी योग्य बनाउने उद्देश्यले सहास नेपालले अलिक लामो समयसम्म सहयोग पुऱ्याउने उद्धेश्यले एउटा परियोजना पनि तयार गरी दातृ निकायहरूमा पेश गर्ने काम सम्पन्न गरेको थियो । फेल्म नेपाल जसले यस क्षेत्रमा CEFALS परियोजनाको लागि पनि सहयोग गरीरहेको छ यस बाढी पहिरोबाट पिडित पक्षलाई आर्थिक रूपमा सहयोग गर्ने निर्णय भए पछि विभिन्न गतिविधिहरू संचालन गर्ने योजना बनेको थियो । यस पछि यस संस्थाका कार्यकारी निर्देशक डा. सुरेन्द्र कुमार श्रेष्ठ लगायत अन्य कर्मचारीहरू जिल्ला स्तरमा सि.डि.यो, एल.डि.यो, सप्रोस नेपाल (राष्ट्रिय एन.जि.ओ.) एच.आर.सी (स्थानीय एन.जि.ओ.), जिल्ला रेडक्रस समाज, जिल्ला विकास राहत कमिटिसँग संचालन गरीने गतिविधिहरू र सहकार्यको बारेमा छलफल भएको थियो । बाढी पहिरोबाट क्षतिग्रस्त क्षेत्रमा ६ महिने परियोजनाको शुरूवात भयो । यस परियोजनाबाट तुरून्तै प्राथमिक स्वास्थ्य चौकीलाई ५ वटा स्ट्रेचर, १ वटा डि फ्रिज र ६ वटा औषधि राख्ने र्‍याक वितरण गरी सकेको छ । यस्तै स्थानीय समुदायहरूले उपलब्ध गराइएको जग्गामा ११ वटा घर निर्माण र करीव १८० घरधुरीलाई पुग्ने खानेपानी समेत निर्माण कार्य भइरहेको छ ।

## जिल्लास्तरको सल्लाहकार कमिटिको बैठक धादिङ र गोरखा



धादिङ जिल्लाको सदरमुकाम धादिङ बेसीमा र गोरखाको सदरमुकाममा एक दिने जिल्ला स्तरिय सल्लाहकार कमिटिको बैठक बसेको थियो । जसमा जिल्ला स्तरका सरकारी कर्मचारीहरू, समाज कल्याण परिषद र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मूल्याङ्कन टोली, किसान प्रतिनिधिहरू, परियोजना सञ्चालन भइरहेका गा.वि.स.का सचिवहरू, फेल्म नेपालको टोली, शान्ति नेपालको टोली र सहास नेपालको टोलीहरूको उपस्थित रह्यो । कार्यक्रममा एल.डि.ओ. ले सभापतित्व ग्रहण गर्नु भएको थियो । कार्यक्रमको उद्देश्य फेल्म नेपालका परियोजनाहरूको प्रगति विवरण प्रस्तुति र पेश गर्नु थियो । उक्त बैठकमा सहास नेपालले २०११ को परियोजनाको प्रगती प्रतिवेदन र २०१२ को वार्षिक योजना प्रस्तुत गर्‍यो । विभिन्न गा.वि.स.का किसान प्रतिनिधिहरूले सहास नेपाललाई कार्यक्षेत्र विस्तारका लागि सुझाब दिएका थिए । जिल्ला स्तरका सरकारी कार्यालयहरूले सहास नेपालको श्रोत साझेदारी तरिकालाई सराहना गरेका थिए । समाज कल्याण परिषद र मूल्याङ्कन मन्त्रालयले जिल्ला र स्थानीय स्तरमा सहमति बढाउने बारे प्रतिक्रिया र सुझब दिएका थिए ।

## ओखलढुंगा जिल्लामा GIS अनुसन्धान टोली

सहास नेपालले PEEDA सँगको साझेदारीमा ओखलढुंगा जिल्लामा विगत ४ वर्ष देखि सजीवन खेती प्रवर्द्धन परियोजना कार्यान्व्यन गर्दै आइरहेको छ । यसै अनुरूप भर्खरै नेपालका पहाडी भेगमा सजिवन खेतीका लागि उपयुक्त क्षेत्रको पहिचानका लागी Criteria Catalogue and Satellite Atlas विकासका लागी डाटा संकलन सम्वन्धीको अनुसन्धान सम्पन्न गरेको थियो । उक्त डाटा संजिवन उत्पादन हुने उपयुक्त भौगोलिक क्षेत्रमा बहुपत्रिय नक्सा बनाउनका लागि प्रयोग गरियो । प्रत्येक पत्रहरूका विभिन्न आधारहरू जस्तैः माटोको अवस्था, मौसमको डाटा, उचाई, जमिनको प्रयोग, प्रक्रिया, स्थानीय भौतिक संरचना, धरातलिय डाटा र वर्तमान सजिवन खेतीसँग सम्बन्धित छन् । यो नक्सा सजिवन खेती Geo Atlas लाई Google Earth मा सजिलोसँग प्रयोग गर्न सकिन्छ र ल्यापटप कम्प्यूटरमा देखाउन सकिन्छ । त्यसकारण यसलाई किसान सामु देखाउन र सभा समारोहमा प्रस्तुत गर्न सजिलो हुन्छ । यसको उद्देश्य जिल्लामा प्रयाप्त मात्रामा रहेको कम उब्जाउ हुने जग्गाको अधिकतम उपयोग गर्नु हो । यसले सजिवन खेतीका लागि उपयुक्त जग्गाको छनोट गर्छ । यो परियोजनालाई अरू पहाडी जिल्लामा पनि नक्कल गर्न सकिन्छ र यसले नेपाल सरकारको राष्ट्रिय जीवउर्जा कार्यक्रमलाई आधारभूत सर्भेको रूपमा सहयोग पुर्‍याउँछ ।

## सहास नेपाल अन्तर्राष्ट्रिय मध्यरेखा पुरस्कारको फाइनलमा

मध्यरेखा पुरस्कार २०१२ ले सहास नेपाललाई ८१२ मनोनित संघ संस्थाबाट १०३ फाइनलिष्टमा चयन गरी प्रमाण पत्र रूवरूप पत्र समेत पठाएको छ । www.equatorinitiative.org

## नयाँ खाद्य सुरक्षा सल्लाहकारको आगमन

फेल्म नेपालका तर्फबाट हाइकी टाक्को खाद्य सुरक्षा सल्लाहकारको रूपमा काम गर्ने गरी सहास नेपालमा आउनु भएको छ । उहाँले फिनल्याण्डबाट सन् २००५ मा कृषि विज्ञानमा स्नातकोत्तर तह उतीर्ण गर्नु भएको थियो । त्यसपछि उहाँले फिनल्याण्डकै सबैभन्दा ठूलो कृषि कम्पनीमा काम गर्दै आउनु भएको थियो जसले तेल, दुग्धजन्य पदार्थ र कृषि रसायन उत्पादनमा काम गर्छ । उहाँ २०६८ माघमा नेपाल आएर सहास नेपालमा आफ्नो कार्यभार सम्हाल्नु भयो । फिनल्याण्ड, उत्तरी युरोपमा रहेको एउटा प्रजातान्त्रिक देश हो । त्यहाँको सबैभन्दा अग्लो हिमशिखरको उचाई १,३१६ मि (४,३१८ फिट) हो । त्यहाँ १८७,८८८ वटा पोखरी छन् जसको क्षेत्रफल ५०० वर्ग मिटर भन्दा धेरै छ र त्यहाँ १७९,५८४ वटा टापु छन् । जङ्गलले ७७% क्षेत्रफल ओगटेको छ र यो युरोप मै सबैभन्दा धेरै हो । जङ्गलमा विभिन्न प्रजातीका बोटविरूवा पाइन्छन् । विश्वमा युरोप सबैभन्दा धेरै काठ उत्पादन गर्ने महादेश हो र फिनल्याण्ड युरोपकै सबैभन्दा धेरै काठ उत्पादन गर्ने देश हो । अन्नबाली खेतीले त्यहाँको ९% जमिन ओगटेको छ । यहाँ जम्मा ६१,५०० वटा कृषि फार्म छन् जसमा २७,००० ले अन्नबाली १०,००० ले तेलहन बस्तु, १८०० ले बागबानी बाली, १०,६०० ले दुग्ध जन्य पदार्थ, ३८००० ले गाईको मासु, २००० ले सुँगुर-बगुँर, ७०० ले कुखुरा र ७०० ले बाख्रा, भेडा उत्पादन गर्दछन् । ११% फार्महरू महिलाका छन् । फार्महरू धेरै नै आधुनिक मसिनद्धारा चल्छन् र एक्लो मान्छेले १०० हेक्टर सम्म एक्लै धान्न सक्छ । फिनल्याण्डमा आत्याधिक जाडो हुन्छ र उत्पादनको लागि छोटो समय रहन्छ । मौसमका कारणले गर्दा किसानहरूले छिटो पाक्ने र तुसारो सहन सक्ने बालीहरू जस्तैः फापर, जौ, गहुँ र तेलहन बालीहरू लगाउँछन् ।

## सहास नेपालको सहयोगमा सञ्जाल संस्था

सहास नेपालले परियोजना संचालन गरेको क्षेत्रमा स्थानिय समुदायमा आधारीत संजाल संस्थाको स्थापनामा सहयोग गरी विकासका गतीविधिहरूलाई हस्तान्तरण गर्दै आइरहेको छ । यसै अनुरूप ओखल्ढुंगामा प्रगतिशिल यथार्थ समाज (प्रयास नेपाल) र उदयपुरमा विकासको लागि स्वाबलम्बी समाज (विश्वास नेपाल) गरी २ वटा संञ्जाल संस्थाहरू आ-आफ्नो जिल्लाको जिल्ला प्रशासन कार्यालयमा २०६९ भदौ ७ गतेका दिन दर्ता भएका छन् । प्रयास नेपालको अध्यक्षको पदमा अमन्ता राई हुनुहुन्छ र वहाँ सहित संस्थामा ९ जना सदस्य हुनुहुन्छ । विश्वास नेपालको अध्यक्षको रूपमा रूद्र प्रसाद घिमिरे हुनुहुन्छ र उहाँ सहित यो संस्थामा पनि ९ जना सदस्य हुनुहुन्छ ।

## साझेदार संस्थाहरूबाट

सहास नेपालले फेल्म नेपालमा कार्यरत राष्ट्रिय व्यवस्थापक श्री माकुर्ज इयोमाकीलाई विदाइ गऱ्यो र हेनालेना पोकीलाई सोहि पदमा स्वागत गऱ्यो । फेल्म नेपालमा राष्ट्रिय प्रतिनिधिको रूपमा कार्यरत क्रिष्टी किर्जाभेनिनको अवधि समाप्त भएको हुनाले सहास नेपालले समेत विदाइ कार्यक्रमको आयोजना गरेको थियो । एम.सी.सी. नेपालमा कार्यरत माइका सृष्टिको अवधि समाप्त भई आफ्नो देशमा फर्कने भएको हुनाले सहास नेपालले पनि विदाइ कार्यक्रमको आयोजना गरेको थियो ।

## हार्दिक स्वागत तथा बधाई

सहास नेपालमा भर्खर नियुक्ती भएका कर्मचारीहरूमा हार्दिक बधाई दिन चाहान्छौ ।

१. **कृष्ण राज ढकाल**
   परियोजना अधिकृत, सिफल्स बाजुरा
२. **प्रज्वल शर्मा**
   प्रकोप राहत संयोजक, बाजुरा
३. **चुडामणी पहाडी**
   टिम लिडर, सिफल्स मुगु
४. **जीवनाथ शर्मा**
   इलिप परियोजना संयोजक, गोरखा, तनहुँ र धादिङ्ग
५. **गुणराज श्रेष्ठ**
   कार्यक्रम संयोजक, प्याफ ओखल्ढुगा
६. **अजय कार्की**
   परियोजना संयोजक, बायोफ्युल ओखल्ढुगा
७. **सुस्मिता पौडेल**
   परियोजना अधिकृत, लिफ्ट ओखल्ढुंगा
८. **नमूना आचार्य**
   दस्तावेजीकरण अधिकृत, सेन्टर अफिस ललितपुर

**डा सुरेन्द्र कुमार श्रेष्ठ**ले व्यापार व्यबस्थापन सम्बन्धि पढाइ सकेर कार्यकारी निर्देशक पदमा पुन कार्यभार सम्हानु भयो ।

## कालिकोट र मुगु जिल्लामा गा.वि.स. स्तरको मूल समिति गठन

सिफल्स परियोजना अन्तर्गत २ वटा जिल्लामा १० वटै गा.वि.स.मा मूल समिति अवधारणा गोष्ठी सम्पन्न भयो । सहभागीका रूपमा पहिले बनाइएका सामुदायिक समूहहरूका अध्यक्ष, सचिब, कोषाध्यक्ष र सक्रिय किसानहरूको उपस्थिति थियो । सहभागीहरूले मूल समितिको अवधारणा, नेताको भूमिका र कर्तब्य, मूल समितिका सदस्य छनोट प्रक्रिया, मूल समितिको सदस्य बन्नलाई चाहिने प्रक्रिया, समूहका सदस्यको चरित्र र कर्तब्यको बारेमा छलफल गरेका थिए । प्रत्येक समूहबाट २ जना सदस्य समूह मार्फत नै छनोट भई, गोष्ठी सम्पन्न भएपछि समूहकै सक्रियतामा मूल समिति गठन प्रक्रिया शुरू भयो । यो क्रममा ५ वटा गा.वि.स., ४ वटा मुगुका र १ वटा कालिकोटमा मूल समिति गठन गइसकेको छ र अरू गा.वि.स. मा पनि छिट्टै काम थालिने छ ।

## वीउमा अधिकार र वीउविजनमा बैधिक सम्पति अधिकार फ्यिानको अध्ययन

फ्यिान ले आयोजना गरेको वीउ अधिकार सम्बन्धी गोष्ठी मा सहास को तर्फ बाट क्लाउडिया माहन्के (सहास नेपालको सल्लाहकार) र मविन घले (परियोजना संयोजक) ले भाग लिनु भएको थियो । उहाँहरूको सिकाई तल प्रस्तुत गरिएको छ ।

कृषि क्षेत्रको दिगोपनका लागि बोट विरूवा र जनावरको अधिक विविधिकरणको आवश्यकता पर्दछ जसबाट किसानले रोग, जलवायु परिवर्तन र अन्य समस्याहरूको सामना गर्न सक्छ । विरूवा अथवा विरूवाका अङ्का लागि ३ मुख्य बौधिक सम्पति, अधिकारहरू बाली प्रजनकको अधिकार अन्वेषक अधिकार र किसानका अधिकार हुन् । किसानका अधिकारहरू सामान्यतया वीउ बचाएकोमा प्रयोग गरेकोमा, बेचविखन गरेकोमा सुनिश्चित हुन्छ । किसानले विश्वव्यापी जिन भण्डारमा पुऱ्याएको योगदान, त्यसैबाट बिकसित बिकासे जातहरू र बालीको जिन बचाउन गरेका कामलाई पहिचान गरी उक्त किसानलाई पुरस्कृत गरिन्छ । उक्त अध्ययनले किसानका वीउ अधिकारलाई खाद्य अधिकारको आधार मानेको छ । नेपालमा यो अध्ययनको सार भनेको साना र मझौला स्तरका वीउ ब्यापार केन्द्रहरूलाई सामुदायिक स्तरबाट दिगो रूपमा विकास र बढावा दिने रहेको छ । जीन विविधिकरण, वीउ संरक्षण र विकासका लागि राष्ट्रिय वीउ विधेयकलाई हौसला दिनु पर्छ ।



## तोरीको बहुजातीय उत्पादन : सहास नेपालको अनुसन्धान

सहास-नेपाल अर्न्तगत दक्षिण ललितपुरका दुई गा.वि.स. दलचोकी र सँखुमा किसानको बारीमा वहुजातिय तोरी उत्पादनको अनुसन्धान भएको थियो । दुई गा.वि.स. मा २-२ वटा गरी जम्मा ४ वटा ठाउँमा यो उत्पादन गरिएको थियो । विभिन्न १० जातका तोरीहरू, बालतोरी, ठूलतोरी, प्रिति, उन्नति, स्थानीय मोरङ, प्रगती, विकास, बारीतोरी, गोलतोरी र कालोतोरीलाई ४ हजार मिटर क्षेत्रफलमा लगाइएको थियो । बालीको खेती समयमा किसानहरू बीच अन्तर भ्रमण गराइएको थियो । प्रदर्शनी ठाउँमा फेल्क्स वोर्ड लगाइएको थियो । दलचोकी गा.वि.स.मा विकास जातको उत्पादन सबैभन्दा राम्रो (१३५० ग्राम) र दोस्रो मा प्रगती जातको उत्पादन (१२०० ग्राम) रहयो । सँखुमा प्रिति र स्थानीय मोरङ दुबैको उत्पादन बराबर (१००० ग्राम) रह्यो । उक्त नतिजा लगतै किसानहरूले यी ४ वटा जातको मूल वीउको माग राखेका छन् ।

वीउ ४ थरीका हुन्छन् :

१. बाली प्रजनक वीउ
२. मूल वीउ
३. प्रमाणित वीउ
४. उन्नत वीउ

मूल वीउ र प्रमाणित वीउ अगुवा कृषकले अनुसन्धानकर्ताको रेखदेखमा खेती गर्छन् । मूल वीउको खेतीबाट आउने उत्पादनलाई प्रमाणित वीउ भनिन्छ ।

## बङ्गलादेश भ्रमण

सहास नेपालका ४ कार्यकारी सदस्य र १२ कर्मचारी गरी १६ सदस्यहरूलाई बङ्गलादेशी संस्थाहरूमा सामुदायिक विकास कार्य र जलवायु परिवर्तन कार्यक्रमहरूको अवलोकनको लागि अध्ययन भ्रमणको आयोजना भएको थियो । दस दिने अवधि (१८-२८ मार्च २०१२) मा सहास नेपालको टोलीले ३ वटा इइडि सम्बन्धित संस्थाहरू, Association for Land Reform and Development (ALRD), Coastal Development part Partnership ( CDP) र Nijera Kori को भ्रमण गऱ्यो । पब्नामा रहेको ALRD को सामुदायिक समूह र Khuina मा रहेका Nijera Kori र CDP को सामुदायिक समूहमा पनि यो टोलीले भ्रमण गरेको थियो । यसै गरी यो टोलीले MCC बङ्गलादेश मा भ्रमण गरी त्यहाँको खाद्य सुरक्षाको अवस्था र MCCको भूमिका र यसका लागि विकासका प्रयासहरू बुझ्ने अवसर पाएको थियो । यी भ्रमण र अन्तरकृयाहरूले सहभागीहरूलाई बङ्लादेशको बारेमा धेरै जानकारी दिएको थियो ।

## साझेदारी र क्रियाकलाप

सहास नेपालले ओखलढुंगामा कार्यान्वयन गरीरहेको घर बगैंचा र गरीवी निवारण कोष परियोजनाको अवधि आगामी १ वर्ष थप्ने सहमति पत्रमा हस्ताक्षर भएको छ । सहास नेपाल, जि.वि.स र टि.वि.यस.यू को त्रिपक्षिय सहमतिमा झोलुङ्गेपुल निर्माण कार्यलाई ३ वर्षको लागि थपिएको छ । यो साझेदारी अन्तर्गत २३ वटा पुल निर्माण भइसकेका छन् र थप पुलहरू आवश्यक स्थानहरूमा निर्माण हुनेछन् ।

## दलचोकी रायोः रायोको सम्भावित नयाँ जात

दलचोकी गा.वि.स. दक्षिण ललितपुरमा पर्दछ जहाँ विभिन्न कृषि बाली उत्पादन गर्न सकिन्छ । यहाँ उत्पादन हुने विभिन्न बाली मध्ये स्थानीय जातको रायो पनि हो । यो जातको रायोको पात धेरै चौडा र ठूलो हुन्छ, डाँठ डुड जस्तो हुन्छ, पात गुजुमुज्ज परेको हुन्छ र विरूवाको आकार पनि धेरै ठूलो हुन्छ । स्वादमा मिठो भएकोले स्थानीय मानिसहरू यसलाई धेरै मन पराउँछन् । यस बाहेक, यो पाक्नमा कम समय लाग्छ र भिटामिनको मात्रा पनि धेरै हुन्छ । यी विभिन्न गुण भएका कारणले सहास नेपाल र सहकार्य गरिरहेका संस्थाहरूले यो जात विकास गरी बजार विस्तार गर्ने योजना बनाएका छन् । वर्तमान समयमा केहि अगुवा कृषकहरूले आफ्नै मेहनतमा वीउ उत्पादन गरिरहेका छन् । निकट भविष्यमा सहास नेपालले अरू संस्था र नार्कको सहकार्यमा यो रायोको जात विकास गर्नेछ जुन जातले स्थानको नाम जनाउनेछः दलचोकी रायो ।

## सहकार्य बैठक

सहास नेपालले एस.डि.सी, अन्तराष्ट्रिय गै.स.स.हरू, साझेदार संस्थाहरू पिडा, फियान नेपाल र एम सी सी सँग भविष्यको योजना र कार्यक्रमको बारेमा छलफल गर्ने उद्देश्यले सहकार्य बैठक को आयोजना गरेको थियो ।

## मध्यावधि मूल्याङ्कन गोष्ठी

सहास नेपालले सामुदायिक विकास, अनुसन्धान र शसक्तिकरणका क्षेत्रमा बिभिन्न परियोजना र कार्यक्रम सञ्चालन भइरहेका छन । बिभिन्न परियोजना मध्ये धादिङ्, गोरखा र तनहुमा सन्चालन भईरहेको परियोजना र कालिकोट, मुगु र बाजुरामा कार्यान्वयन भइरहेको परियोजनाको मध्यावधि मूल्याङ्कन गोष्ठीको आयोजना गरी मध्यावधि



मूल्याङ्कन गर्ने काम भर्खरै सम्पन्न भएको थियो । मध्यावधि मूल्याङ्कनलाई सहजीकरण गर्ने जिम्मेवारी डा. निरज नारायण जोशीले लिनु भएको थियो । २०६९ जेठ २५, २६ र २७ गते सिफल्स परियोजना अन्तर्गत ३ दिने मध्यवधि मूल्याङ्कन गोष्ठी नेपालगञ्जमा आयोजना भएको थियो । यसैगरी इलिप परियोजना अन्तर्गत २०६९ साउन १६ र १७ गतेका दिन जावलाखेलमा मध्यावधि मूल्याङ्कन गोष्ठी आयोजना भएको थियो ।

मध्यावधि मूल्याङ्कन गोष्ठी आयोजनाका लक्ष्यहरू

- परियोजनाको बर्तमान अवस्था र स्थिति बारे जानकारी लिन
- परियोजनाको सञ्चालन प्रकियाबारे जानकारी लिन
- उद्देश्य प्राप्तीका लागी नसकिएका कार्यक्रम बारे जानकारी लिन
- दोस्रो चक्रका लागी योजना बनाउन

## सहास नेपालको केन्द्रिय कार्यालयबाट फिल्ड भ्रमण

केन्द्रिय कार्यालयका कर्मचारीहरू र कार्यकारिणी समितिका पदाधिकारीहरूले विभिन्न कार्य क्षेत्रहरूको वर्तमान क्रियाकलापको अबलोकन गर्नु भएको थियो । डा. सुरेन्द्र श्रेष्ठ (कार्यकारी निर्देशक), सबन श्रेष्ठ, मविन घले र जीवनाथ शर्मा (३ परियोजना संयोजक) ले ओखलढुंगा, दक्षिण ललितपुर, बाजुरा र मुगुको भ्रमण गरेको थियो । उक्त भ्रमणको मूख्य उद्धेश्य वर्तमान परियोजनाहरूको मूल्याङ्कन गर्नु र विगतका परियोजनाहरूको संञ्जाल संस्थाहरू द्वारा उक्त इलाकामा परेको प्रभाव को अध्ययन गर्नु थियो । उहाँहरूले त्यहाँका कर्मचारीलाई




दिएका केहि तालिमहरूले कर्मचारीलाई काम प्रति थप हौसला प्रदान गरेको थियो । यसैगरी कार्यकारिणी समितिका चारजना पदाधिकारीहरू ब्रह्मध्वज गुरूङ्ग (अध्यक्ष), सती श्रेष्ठ (उपाध्यक्ष), सुनिल शाक्य (कोषाध्यक्ष), देविका श्रेष्ठ (सदस्य), क्लाउडिया माहन्के (सहास नेपालको सल्लाहकार), डा. सुरेन्द्र श्रेष्ठ कार्यकारी निर्देशक, सबन श्रेष्ठ, मविन घले परियोजना संयोजक, भरत भण्डारी (युयससी एसिया) नमूना आचार्य (दस्ताबेजिकरण अधिकृत) ले लिफ्ट परियोजनाको दलचोकी साइट अफिसको भ्रमण गरेको थियो । यी भ्रमणका समयमा त्यहाँ पर्यावरण सँरक्षण र नागरिक शिक्षा जस्ता तालिमहरू सँचालन भएका थिए । ब्रह्म ध्वज गुरूङ्ग र नमूना आचार्यले इलिप परियोजनाको कार्य क्षेत्रहरू धादिङ्ग, तनहुँ र गोरखा जिल्लाका केहि समूहहरूको भ्रमण गरी त्यहाँ भइरहेका क्रियाकलापहरूको अवलोकन गर्नुका साथै लाभान्वित वर्गलाई हौसला प्रदान गर्नु भएको थियो । उहाँहरू धादिङ्ग जिल्लामा गाविस स्तरिय मूल समिति अबधारणा गोष्ठिमा भाग लिई अरू सहभागीलाई उत्साह प्रदान गर्नु भएको थियो । जिवनाथ शर्माले एक पटक डोल्पा जिल्ला र मबिन घलेले दुई पटक रसुवा जिल्ला भ्रमण गरी नयाँ परियोजनाको सम्भाव्यता को अध्ययन गर्नु भएको छ ।



## जीवन बचाउने
## जोन तामाङ्ग

चौघरे ३ का जोन तामाङ्गले सहास नेपाल द्वारा पोखरामा सञ्चालित ३५ दिने ग्रामीण पशु स्वास्थ्य तालिममा भाग लिएका थिए । उनी गुप्तेश्वर सामुदायिक समूहका सक्रिय सदस्य हुन् । तालिम पश्चात माघ २०६८ पछि उनले आफ्नो सेवा पशु स्वास्थ्य कार्यकर्ताको रूपमा, चौघरेमा मात्र नभई नल्लु, दलचोकी र बुखेल गा.वि.स. सम्म विस्तार गरेका छन् । उनले घरमै सानो एग्रोभेट पसल राखेर किसानका लागि औषधी किन्न सजिलो बनाएका छन् जसले गर्दा किसानलाई अब काठमाण्डौं सम्म आउनु पर्ने झन्झटबाट मुक्ति भएको छ । अहिलेसम्म उनले १५७ किसानका ३५० गाई, भैंसी, बाख्रा, भेडा र सुँगुरको उपचार गरिसकेका छन् । आफूले सिकेको सीपलाई व्यवहारमा उतार्दै उनले सुकु बहादुर गाब्याको रू. ४०,०००/- पर्ने भैंसीलाई भर्खर मात्रै बचाएका छन् । भैंसीलाई बच्चा जन्माउन गाह्रो हुँदा उनले हात हालेरै बच्चा बाहिर निकाली भैंसी र बच्चाको ज्यान बचाएका छन् । एउटा गरिब किसानका लागि त्यो भैंसी नै सबैथोक हो र उनी जोन र सहास नेपाल प्रति आभारी छन् । यसैगरी, मोना गाब्याको भैंसी सालनाल नझर्दा मर्न आटेको थियो । जस्ले गर्दा उनी रोएर बसेकी थिइन् । जोनले उक्त भैंसीलाई आफ्नो उपचार मार्फत बचाएर मोनाको अनुहारमा खुसी फर्काइ दिए । वर्षायाममा भ्यागुते र चरचरे रोगहरू गाई वस्तु वीच चाडैं फैलिन्छ । यो रोक्नलाई जोनले आफ्नै खर्चमा खोप अभियान सञ्चालन गरेका छन् । आफ्नो सबै मेहनतका बाबजुत जोनले आफूलाई समुदाय वीच जीवन रक्षकका रूपमा परिचित गराएका छन् । उनले आफ्नो सेवा स्वरूप ३ महिने अवधिमा रू ९००० (९० युरो) पारिश्रमिक कमाएका छन् । यो आम्दानीले उनको ११ सदस्य सहितको घर चल्दै आएको छ । आफ्नो प्रगतिबाट उत्साहित भएका जोनले सेवा विस्तार गर्ने, एग्रोभेट पसल खोल्ने र पशु स्वास्थ्यका लागि चाहिने सामाग्रीहरू जुटाउने योजना बनाउँदै छन् ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १९८० असोज

स्वर्गारोहण: वि.सं. २०६९ जेठ ३


स्व. श्रीमती पदम कुमारी गुरुङ्ग

यस संस्थाका अध्यक्ष श्री ब्रह्मध्वज गुरुङ्गज्यूकी पूजनीय माता **श्रीमती पदम कुमारी गुरुङ्ग**को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज **१३ औं** दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा शोकाकुल परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरून् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सहयोगी हातहरूको समूह (सहास) नेपाल परिवार**

सानेपा, ललितपुर

## भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. १९८० फागुन २४

स्वर्गारोहण: वि.सं. २०६९ भाद्र २४

स्व. श्रीमती सिल कुमारी श्रेष्ठ

यस संस्थाका कार्यकारी निर्देशक डा. श्री सुरेन्द्र कुमार श्रेष्ठज्यूकी पूजनीय माता **श्रीमती सिल कुमारी श्रेष्ठ**को ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज **१३ औं** दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा शोकाकुल परिवारजनप्रति परमेश्वरले धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरून् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ब्रह्मध्वज गुरुङ्ग**
(अध्यक्ष)

**सहयोगी हातहरूको समूह (सहास) नेपाल परिवार**

सानेपा, ललितपुर



सहास-नेपाल
पोष्ट बक्सः ८९७५ इपीसी १५९०
ललितपुर
फोनः ९७७-१-५५२३७७६
फ्याक्सः ९७७-१-५५२३३०३
इमेलः sahasnepal@wlink.com.np
वेभ साइटः www.sahasnepal.org.np